# चुलाचुली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम

१ न प्रदेश,नेपाल

मिति : २०७७।०२।१८

## *प्रेश विज्ञप्ती*

यहि मिति २०७७।०२।१३ गतेका दिन चुलाचुली मिडिया नामक अनलाइन मिडियाद्वारा प्रकासित भएको "चुलाचुलीमा प्रमुख प्रशासकीय अधिकृतको मनपरी शिर्षक अन्तर्गत चुलाचुली गाउँपालिकामा कुनै छलफल नै नगरी प्रमुख प्रशासकीय अधिकृतले आफ्नो एकल निर्णयमा पालिकाको गतिविधिहरु गर्ने गरेको, कोरोना भाइरसको संक्रमण रोकथामका लागि जारी गरिएको लकडाउनको समयमा पालिकाको विकास निर्माण सम्बन्धी वृत्तचित्र निर्माणको लागि जिल्ला बाहिरको हिमशिखर टेलिभिजसँग एकल निर्णयबाट सम्झौता गरेको र कार्य सञ्चालन गरेको तथा सो विषयमा गाउँपालिका उपाध्यक्ष र वडा नं.३, ४ र ५ नं. का वडा अध्यक्षहरु समेतलाई बुझ्दा कुनै जाकारी नभएको भनि बताएको भनि प्रकाशित लेख व्यहोरा" प्रति यस चुलाचुली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

सो चुलाचुली मिडिया नामक अनलाईन प्रकाशन मार्फत प्रकाशित उक्त प्रकाशनको व्यहोरामा कुनै सत्यता नभएको कुरा चुलाचुली गाउँ कार्यपालिकाको कार्यालय प्रष्ट पार्न चाहन्छ । उक्त अनलाईन प्रकाशनमा उल्लेख भएको भ्रामक व्यहोरा अनुसार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको एकल निर्णयबाट त्यस्तो कुनै पनि प्रकारको क्रियाकलापहरु भए गरेको छैन । सो अनलाइन प्रकाशनमा लेखिए अनुसार कोरोना भाइरस संक्रमण रोकथामका लागि जारी लकडाउनको अवधीमा विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी गतिविधिको वृत्तचित्र निर्माणका लागि हिमशिखर मिडिया प्रा.लि.सँग प्रमुख प्रशासकीय अधिकृतको एकल निर्णयबाट सम्झौता भएको वा कार्य सञ्चालन गरेको नभई हिमशिखर मिडिया प्रा.लि. दमक झापाको मिति २०७६।५।२० को प्रस्तावित निवेदन सूचि अनुसार यस चुलाचुली गाउँ कार्यपालिकाको मिति २०७६।११।५ को बैठकबाट आ.व. ०७६/०७७ को स्वीकृत आयोजना सम्बन्धी सार्वजनिक सुनवाई कार्यक्रम अन्तर्गत विनियोजित वजेट मध्ये कम्तिमा ३ वटा श्रृङखला सञ्चालन गर्न उक्त हिमशिखर मिडिया प्रा.लि.लाई दिने गरी निर्णय भएको र सोही अनुसार टिप्पणी आदेश सदर भई गाउँपालिका र हिमशिखर मिडिया प्रा.लि.का विच मिति २०७६।११।१५ मा सोही अनुरुप सम्झौता भई सकेको अवस्थामा हाल विश्वव्यापी रुपमा फैलिएको महामारी कोरोना भाइरस (COVID-19) का कारण सो को रोकथाम तथा उपचारका लागि नेपाल सरकारबाट मिति २०७६।१२।११ देखि देशैभर जारी लकडाउनका कारणले सो सम्झौता अनुसारको सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गर्न तोकीएको मापदण्ड अनुसार भिडभाड जम्मा गरी कार्यक्रम गर्न नमिल्ने भएको हुँदा उक्त मिडिया प्रा.लि.संगको सम्झौता अनुसारको कार्यक्रमको मोडेल केही परिमार्जन गरी गाउँपालिकाबाट यस आ.व.मा सञ्चालन भएका विकास निर्माण लगायत सम्पादन गरिने सम्पूर्ण सेवा प्रवाह तथा जनप्रतिनिधिहरुको धारणा सहित श्रव्यदृष्य सामग्री मार्फत आम चुलाचुली वासी नागरिकहरुलाई सु-सूचित गराउने गरी सार्वजनिक सुनुवाईका लागि विनियोजित वजेट मध्ये मु.अ.कर सहित एकमुष्ट रु.१,००,०००।- (एक लाख) मा एक घण्टा अवधीको श्रव्यदृष्य सहितको वृत्तचित्र निर्माण गर्ने र टेलिभिजन मार्फत प्रशारण गर्ने गराउने गरी मिति २०७७।२।५ मा पालिकाबाट निर्णय सदर भई सोही अनुरुप गाउँपालिका र हिमशिखर मिडिया प्रा.लि.दमकका बिच

पुन: सोही मिति २०७७।२।५मा सम्झौता भई कार्य सञ्चालन भए गरेको कुरालाई वेवास्ता गर्दै, सोध्दै नसोधी, पालिकामा बुझ्दै नबुझी, गाउँपालिका उपाध्यक्ष र वडा अध्यक्षहरुले बोल्दै नबोलेको कुरालाई बोलेको, भनेको भनि, नभएको, नगरेको र नभनेको कुरालाई मनगणन्ते रुपमा लेखी अनावश्क बढाई-चढाई गरी गाउँपालिका उपाध्यक्ष र ३,४र ५ नं. वडाका वडा अध्यक्षहरु समेतको नाम उल्लेख गरी प्रकासित भएको उक्त अनलाईन व्यहोरा तथ्यहीन, आधारहीन र औचित्यहीन भएकोले उक्त अनलाईन व्यहोरा प्रकाशन गर्ने प्रकाशक/मिडिया र सोका सञ्चालकहरु प्रति चुलाचुली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय चुलाचुली इलाम खेद प्रकट गर्दछ ।

साथै उक्त चुलाचुली मिडियाको नामबाट प्रकासित भएको झुट्ठो एवं काल्पनिक तथा तथ्य र आधारहीन अनलाईन मिडियाद्वारा प्रकाशित व्यहोरामा भ्रमित नहुन, विश्वासमा नपर्न र यस प्रकारका तथ्य र आधारहीन प्रकाशन प्रति सदैव सचेत रहन समेत आम चुलाचुलीवासी नागरिक एवं सम्पूर्ण सरोकारवाला व्यक्ति व्यक्तित्वहरुमा चुलाचुली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय हार्दिक आग्रह गर्दछ । यसैगरी अब उप्रान्त यस प्रकारका झूट्ठा काल्पनिक एवं तथ्य र आधारहीन भ्रामक कुराहरु प्रकाशन नगरिदिनुहुन र सम्बन्धित निकायमा प्रत्यक्ष हेरेर बुझेर सत्य तथ्य मात्र प्रकाशित गरीदिनु हुन सम्पूर्ण मिडियाकर्मीहरुमा हार्दिक अपिल समेत गर्दछ ।

प्रदिपचन्द्र राई
अध्यक्ष
चुलाचुली गाउँपालिका, गाउँ
कार्यपालिकाको कार्यालय, चुलाचुली इलाम ।